आज मिति २०८०।०५।१६ गते यस कपुरकोट गाउँ कार्यपालिकाको ९९ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत

श्री विष्णु प्रसाद आचार्य - लेखा प्रमुख

श्री केशर सिंह खड्का - का.स.

कपुरकोट गाउँपालिकाको मिति २०८०।०५।१७ को ९९ औं गाउँकार्यपालिका बैठकका कार्यसुचिहरु:

१.उद्योग कार्यालयबाट हस्तान्तरण भएका उद्योग दर्ता तथा नविकरण सम्बन्धमा ।

२. वडा नं ३ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।

३. सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि सम्बन्धमा ।

४.पालिकाको दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

५.ईण्डक्सन चुल्हो प्रवर्धन सम्बन्धमा ।

६.बजार अनुगमन सम्बन्धमा ।

७.विविध ।

२०८०/५/१८

**कपुरकोट गाउँपालिकाको मिति २०८०।०५।१७ गतेको ९९ औं गाउँकार्यपालिका बैठकका निर्णयहरु:**

निर्णय नं. १


उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट हस्तान्तरण भएका रु ३ लाखसम्म चुक्ता पुँजी भएका उद्योग र रु१० लाखसम्म चुक्ता पुँजि भएका व्यापार तर्फका व्यवसायहरुको दर्ता तथा नविकरण अब पालिकाको राजश्व इकाइबाट गर्ने र प्रदेश व्यापार व्यवसाय (दर्ता तथा संचालन) नियमावली २०८० को अनुसूचि ३ (नियम ४ को उपनियम (३)र नियम ५ को उपनियम १० संग सम्बन्धित)"प्रदेश व्यापार व्यवसाय (दर्ता तथा संचालन) नियमावली २०८०" मा भएको व्यवस्थाअनुसारको निजी तथा साझेदारी फर्म दर्ता र शाखा दर्ता दस्तुर कर्णाली प्रदेशले तोकेको तपशिलको शुल्क नै यो आ.व. मा कायम राख्ने ।

तपसिल:

| क्र सं. | चुक्ता पूँजी | दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | पाँच लाख रुपैया सम्म | एक हजार रुपैया | |
| २. | पाँच लाख रुपैया भन्दा बढी दश लाख रुपैया सम्म | चार हजार रुपैया | |
| ३. | दश लाख रुपैया भन्दा बढी बीस लाख रुपैया सम्म | आठ हजार रुपैया | |
| ४. | बीस लाख रुपैया भन्दा बढी पचास लाख रुपैया सम्म | पन्ध्र हजार रुपैया | |
| ५. | पचास लाख रुपैया भन्दा बढी जतिसुकै भएपनि | तीस हजार रुपैया | |
| ६. | शाखा दर्ता दस्तुर | दर्ता दस्तुरको पचास प्रतिशत | |

निर्णय नं. २

कपुरकोट गाउँपालिका वडा नं ३ को वडा कार्यालयको भवन निर्माण कार्य बनाउनका लागि आवश्यक पर्ने जग्गाको लागि हाल संचालित वडा कार्यालय भवन पछाडी हुलाक कार्यालय भएको ठाउँमा वडा कार्यालय भवन निर्माण गर्नको लागि त्यहाँ भएका केही रुख विरुवाहरु कटान गर्नुपर्ने भएकोले उक्त रुखविरुवा कटान को लागि आवश्यक सहजीकरण गरिदिन जिल्ला वन डिभिजन कार्यालय सल्याननलाई अनुरोध गर्ने ।



CamScanner

निर्णय नं ३

"सुरक्षित नागरिक आवास कार्यक्रम संचालन" गर्नको लागि संघीय सरकार र यस कपुरकोट गाउँपालिकाको साझेदारीमा उक्त कार्यक्रम कार्यान्वयन गर्न यस कपुरकोट गाउँपालिकाको "सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०"स्वीकृत गर्ने ।

निर्णय नं ४

यस कपुरकोट गाउँपालिकाको आ व २०८०।०८१ का लागि योजना कार्यान्वयनका लागि स्वीकृत जिल्ला दररेट का आधारमा यस पालिकाले तयार पारेको स्थानीय दररेट स्वीकृत गर्ने ।

निर्णय नं ५

सुन्दर नेपाल संस्था विद्यापुर सुर्खेतको मिति २०८०।०५।०५, चलानी नं. १७ को पत्रानुसार विद्युतीय चुल्हो अनुदान सम्बन्धमा उक्त संस्थासंगको साझेदारीमा यस कपुरकोट गाउँपालिकामा माग गरिएका चुल्हो संख्या १०० वटा वेतरण सम्बन्धमा कपुरकोट गाउँपालिकामा वडा नं १,२,३ र ४ का लागि १५/१५ वटा र वडा नं ५ र ६ लाई २०/२० वटा विद्युतीय चुल्हो वितरण गर्न कोटा निर्धारण गरी सुचना प्रकाशन गर्ने, उक्त विद्यूतीय चुल्होको अनुदान सहितको मुल्य प्रति व्यक्ति रु ६००० पर्नेछ । यसको आवश्यक सहजीकरणका लागि २ जना सहजकर्ता छनौट गर्ने ।

निर्णय नं ६

यस कपुरकोट गाउँपालिका अन्तरगतका मुख्य मुख्य बजार क्षेत्रहरुको अनुगमन गाउँपालिकाका उपाध्यक्ष श्री प्रकाश भरारीज्यूको संयोजकत्वमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकत अनुगमन अधिकृत हुने गरि बजार अनुगमन गरी नियमित प्रतिवेदन पेश गर्ने ।

निर्णय नं ७

यस कपुरकोट गाउँपालिका वडा नं ५ मा अवस्थित अस्थायी प्रहरी चौकी रिमको कार्यालय संचालन गर्ने क्रममा खपत भएको विद्युत र खानेपानीको खर्च व्यवस्थापनका इलाका प्रहरी कार्यालय लुहामलाई आवश्यक खर्च व्यवस्थापनका लागि पत्राचार गर्ने र व्यवस्थापन नै गर्न नसक्ने अवस्था भएका उक्त जानकारी सहितको गाउँपालिकालाई अनुरोध भई आएमा गाउँपालिकाबाट व्यवस्थापन गर्ने ।

निर्णय नं ८

यस कपुरकोट गाउँपालिका वडा नं ३ र ५ को सिमानामा पर्ने घट्टेखोलामा माथिबाट सडक निर्माण गर्ने क्रममापहिरो खसेको र उक्त पहिरोले खोला छेउछाउको व्यक्तिगत जग्गा कटान गरेकोले कटान व्यवस्थापनको लागि अनुरोध भएकोमा उक्त खण्डको निर्माण व्यवसायीलाई आवश्यक सहयोगका लागि अनुरोध गर्ने र पालिकको मेसिन समेत प्रयोग गरि आवश्यक सहायता गर्ने ।

निर्णय नं ९
बिद्यालयमा शिक्षण सिकाइ सहयोग ब्यबस्थापन अनुदान कार्यबिधि २०८० स्विकृत गर्ने ।

निर्णय नं १०
पशुपंक्षि बिकास शाखाबाट प्रवाह हुने तपसिलका सेवाहरुमा यस आ.वमा तपसिल अनुसारको शूल्क निर्धारण गर्ने ।
गोबर परीक्षण: रु १०।–
शव परीक्षण:पशु रु २०।–पंक्षी रु १५।– अन्य पशुहरु परिक्षण रु १०।–